# केदारस्युँ गाउँपालिका
# (Kedarsyun Rural Municipality)
# गाउँ कार्यपालिकाको कार्यालय
# (OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)

9858454835 प्र.प्र.अ.
18105000043 टोल फ्री नं.
Email: kedarasyumun@gmail.com
Website:www.kedarasyumun.gov.np


पत्र संख्या :- २०८२।०८३ — देउरा,बझाङ
चलानी नं. :- — सुदूरपश्चिम प्रदेश, नेपाल

गाउँ कार्यपालिकाको कार्यालय, केदारस्युँ, देउरा, बझाङ्ग, सुदूरपश्चिम प्रदेश, नेपाल

## शोक वक्तव्य

मिति २०८२/१०/२२ गते बैतडी जिल्लाको पुर्चौडीबाट जन्ती बोकी बित्थडचिर गाउँपालिका वडा नं. ७ तर्फ फर्कँदै गरेको बस पुर्चौडी बडुगाउँ नजिक दुर्घटनामा परि भएको घटनाले सिङ्गो केदारस्युँ गाउँपालिकालाई स्तब्ध र मर्माहत बनाएको छ। उक्त दुर्घटनामा एक जना महिला सहित बाह्र जना पुरुषले ज्यान गुमाउनु भएको तथा ४५ जना भन्दा बढी यात्रुहरू घाइते हुनु भएको खबरले हामी सबैलाई गहिरो दुःख पुऱ्याएको छ।

यस अकल्पनीय तथा भयावह दुर्घटनाबाट भएको अपूरणीय मानवीय क्षतिले सिङ्गो गाउँपालिका परिवार शोकमा डुबेको छ। यस दुःखद घडीमा ज्यान गुमाउनु भएका दिवङ्गत आत्माहरूको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ। साथै शोकाकुल परिवारजन तथा आफन्तहरूमा यस कठिन समयलाई सहन सक्ने धैर्य र शक्ति प्राप्त होस् भनी गहिरो समवेदना व्यक्त गर्दछौँ।

दुर्घटनामा घाइते हुनु भएका सबैप्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दै प्रभावकारी उपचारका लागि सम्बन्धित निकायसँग अनुरोध गर्दछौँ। घाइतेहरूको उपचार तथा उद्धार कार्यमा केदारस्युँ गाउँपालिकाले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछौँ। साथै उद्धार तथा राहत कार्यमा संलग्न सम्पूर्ण निकाय, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरू प्रति हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछौँ।

२०८२ साल माघ २३ गते

.........................
मनिषा धामी
उपाध्यक्ष

.........................
गणेश बहादुर बोहरा
अध्यक्ष